303

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३२५/२०७१/०७२

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बस्ने रमेश भट्ट ..................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, खानी तथा भूगर्भ विभाग, काठमाडौं..............................................१ विपक्षी

सूचना अधिकारी, खानी तथा भूगर्भ विभाग, काठमाडौं.............. .............................१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नू ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बस्ने रमेश भट्टले खानी तथा भूगर्भ विभाग, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१।६ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७२।२।१९ च.नं. १३४० को खुलाई पठाइ दिने विषयक पत्र बमोजिम खानी तथा भूगर्भ विभाग, काठमाडौको मिति २०७२।२।२४, च.नं.४०७६ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचनाको जानकारी यस आयोगलाई प्राप्त भएको र सो को प्रतिलिपि आयोगबाट पुनरावेदकलाई समेत उपलब्ध गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार ६ गते रोज १ शुभम् ।